/23/24, 10:40 AM
66f0da6263908869772910.jpeg (1254×1352)

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
रविभवन, कालिमाटी, काठमाडौं
फोन नं ०१-५५७०६०५

NATHM centre of excellence

# सम्पर्क अधिकृत अनुस्थापन तालिम दरखास्त आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः- २०८१/०६/०७**

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट संयुक्त रुपमा सम्पर्क अधिकृत अनुस्थापन तालिम २०८१ असोज १४ गते बिहान ७:०० बजे देखि यस प्रतिष्ठानमा सञ्चालन हुने भएकोले तालिममा सहभागी हुन इच्छुक निजामती सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी देखि राजपत्राङ्कित द्धितिय श्रेणीसम्मका कर्मचारी वा निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत सरहका नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीका अधिकृत कर्मचारी वा सगरमाथा आरोहीले पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ बमोजिम तपशिलका योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी तथा विभागीय सिफारिस र तालिम शुल्क रु. ५,१००/- (पाँच हजार एक सय रुपैंया मात्र) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सिटिजन बैंक इन्टरनेशनल लिमिटेडमा रहेको चल्ती खाता नं. ०११०१००००००३६२०१ मा (यस प्रतिष्ठानको हाता भित्र रहेको) वा अन्य जुनसुकै शाखामा जम्मा गरेको भौचर संलग्न गरि सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र दरखास्त फाराम भरी यस प्रतिष्ठानमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । तालिम सम्बन्धी दरखास्त फाराम यस प्रतिष्ठानको Website:www.nathm.gov.np बाट डाउनलोड गरि वा यस प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ ।

**तपशिल :**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
२. पासपोर्ट साईजको हालसालै खिचिएको फोटो २ प्रति ।
३. स्नातक वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्र (लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र) को प्रतिलिपि ।
४. सम्बन्धित मन्त्रालय / विभाग वा कार्यरत निकायको सिफारिस पत्र ।
५. सगरमाथा हिमालचुलीको सफल आरोहण गरेका नेपाली आरोहीको हकमा पर्यटन विभागबाट जारी गरेको प्रमाण पत्रको प्रतिलिपि र प्रवेशिका परीक्षा उतीर्ण प्रमाणपत्रको प्रतिलिपि ।
६. निजामती सेवाको कर्मचारीको रुपमा नियुक्ती लिई प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्रको प्रतिलिपि ।